म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः५...	संख्याः. १५..	मितिः असार २१, २०७८

भाग-२

म्यागङ गाउँपालिका

## शिक्षक तथा विद्यालय व्यवस्थापन कार्यविधि ,२०७७(पहिलो संशोधन)

कार्यपालिकाबाट पारित मितिः असार ६, २०७८

प्रमाणीकरण मितिः असार ६, २०७८

स्थानीय राजपत्रमा प्रकाशित मितिः असार २१, २०७८

# शिक्षक तथा विद्यालय व्यवस्थापन कार्यविधि ,२०७७

## पहिलो संशोधन २०७८।३।६

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा तथा खेलकुद शाखा

म्यागङ गाउँपालिका

देउराली,नुवाकोट

२०७८

म्यागङ गाउँपालिका

# शिक्षक तथा विद्यालय व्यवस्थापन कार्यविधि ,२०७७

म्यागङ गाँउपालिकामा संचालनमा रहेका विद्यालयको लागि करारमा शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, शिक्षकहरुको काज सरुवा , विद्यालय गाभ्न,बन्द र कक्षा समायोजन गरी शैक्षिक गुणस्तर सुधार गर्न यो **"शिक्षक तथा विद्यालय व्यवस्थापन कार्यविधि २०७७"** जारी गरिएको छ।

**परिच्छेद : १**

**प्रारम्भिक**

**१ .संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"शिक्षक तथा विद्यालय व्यवस्थापन कार्यविधि २०७७"**रहेको छ ।

(ख) यो कार्यविधि म्यागङ गाउपालिकाले राजपत्रमा प्रकाशित भएपछि म्यागङ गाँउपालिका भित्र लागु हूने छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ख) "करार शिक्षक नियुक्ति" भन्नाले नेपाल सरकार शिक्षक सेवा आयोगबाट खटिइ आएको स्थायी शिक्षक बाहेकअस्थायी,राहत,निजी स्रोत,अनुदान,बालकक्षा,तथा विद्यालय कर्मचारीको नियुक्ति समेतलाइ जनाउछ।

(ग) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(घ). "समिति" भन्नाले करार शिक्षक छनौट समिति सम्झनु पर्छ ।

(ङ) "विज्ञ" यो कार्यविधि अनुसार गाँउपालिका शिक्षा शाखामा विज्ञसूचीमा सूचीकृत व्यक्ति लाई जनाँउछ ।

(च) "शिक्षा शाखा" भन्नाले म्यागङ गाँउ पालिकाको शिक्षा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(छ) "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ ।

(ज) "शिक्षा अधिकृत" भन्नाले गाउपालिका शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) "अनुमति" भन्नाले शिक्षक नियुक्तिको लागि शिक्षा शाखाबाट दिइएको अनुमति सम्झनु पर्छ।

(ञ) "शिक्षा समिति" भन्नाले म्यागङ गाउँपालिका शिक्षा ऐन, २०७७" बमोजिमको शिक्षा समितिलाई सम्झनु पर्छ।

म्याग्दङ गाउँपालिका

## परिच्छेद : २

## विज्ञ सूची सम्वन्धमा

३. यस म्यागङ गा. पा. भित्रका आधारभुत तथा माध्यमिक तहको करार शिक्षक नियुक्तिका लागि निम्न अनुसारको प्रकिया पुरा गरी करार शिक्षक नियुक्ति गर्न विशेषज्ञ सुचिकृत गरिनेछः

(क) गा. पा. शिक्षाशाखाले निवेदनको लागि ७ दिनको सूचना प्रकाशन गर्नेछ ।

(अ)आधारभुत तह(कक्षा बाल देखि ५ सम्म)को लागि कम्तीमा बि. एड गरेको स्थायी शिक्षकले २प्रति नमुना प्रश्नपत्र सहित आफ्नोप्रमाणपत्र संलग्न गरी निबेदन दिन सक्नेछन।

(आ) आधारभुत तह (कक्षा ६देखि ८ सम्म)को लागि सम्बन्धित बिषयमा कम्तिमा बि एड गरेकोस्थायी शिक्षकले प्रमाणपत्रको प्रतिलिपी र २ प्रति नमुना प्रश्नपत्र सहित निबेदन दिन सक्नेछ तर प्राथमिक तहको शिक्षकले पाइनेछैन।

(इ)माध्यमिक तहको लागी कम्तिमा सम्बन्धित बिषयमा एम एड वा सो सरह गरेको स्थायी शिक्षकलेप्रमाणपत्रको प्रतिलिपी र २ प्रति नमुना प्रश्नपत्र सहित निबेदन गर्नुपर्नेछ।

(ख)आधारभूत तह(कक्षा ६-८)तथा माध्यमिक तह को लागी बिषयगतरुपमाविशेषज्ञ सूचिकृत गरिनेछ।

(ग)प्रत्येक तहको लागि छुट्टा छुट्टै निबेदन दिनु पर्नेछ।

(घ) यसै गा. पा. को विद्यालयमा अध्यापन गर्ने शिक्षक हुनुपर्ने।

(ङ)माध्यमिक तह (११–१२)को शिक्षक नियुक्तिको लागी माध्यमिक द्धितिय श्रेणीको हुनपर्ने।

(च)परिक्षामा विशेषज्ञको मर्यादा पालना नगरेको पाइएमा शिक्षाशाखा प्रमुखको सिफारिमा शिक्षा समितिले विज्ञ सुचिबाट हटाउन सक्नेछ।

**४. करार शिक्षक छनौट समितिः**

(क) सामुदायिक विद्यालयमा प्रधानाध्यापक र करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न निम्न अनुसारका शिक्षक छनौट समिति रहनेछः

(अ)विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजलेतोकेको सो समितिको सदस्य अध्यक्ष

(आ)गा.पा.शिक्षाशाखा प्रमुख सदस्य

(इ)माध्यमिक तहको शिक्षक नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर

र अन्य तहको शिक्षक छनौट गर्नपर्ने भएमा कम्तिमा स्नातक तह गरेका विज्ञहरुको सूची बाटशिक्षा शाखाबाट छानिएमा

२जना सदस्य

(ई)प्रधानाध्यापक वा निजले तोकेको व्यक्ति सदस्य सचिव

(ख)उपनियम(क) बमोजिम प्रधानाध्यपकको नियुक्तिको लागी सिफरिस गर्न बसेको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापकमा उम्मेदवार नभएको उपलब्ध वरिष्ठतम् शिक्षकलेसदस्य सचिव भइ कार्य गर्नेछ।

(ग) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ।

(घ)शिक्षा सेवा आयोगले शिक्षक छनौट सम्बन्धमा मापदन्ड निर्धारण गरी जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ।

(ङ) उपनियम (क) कोखण्ड (इ)को प्रयोजनको लागी गा पा शिक्षाशाखाले विशेषज्ञको सूची अध्यावधिक गरि राख्नु पर्नेछ।माध्यमिक तहको शिक्षक छनैाटको लागी विशेषज्ञ उपलब्ध नभएमा अन्य गा.पा. वा न. पा. शिक्षाशाखाबाट सूची प्राप्त गरिनेछ।

(च)शिक्षक छनौट समितिले शिक्षक छनौटको लागि लिइने परीक्षाको केन्द्र,केन्द्राध्यक्ष गा पा शिक्षा शाखाले तोकेको स्थान वा गा.पा. मा राख्न पर्नेछ।

(छ) शिक्षक छनौट समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समितिले आफैले निर्धारणगरे बमोजिम हुनेछ।

## परिच्छेद : ३

### ५.करारमा शिक्षक नियुक्ति प्रक्रिया सम्बन्धमा

(१) नेपाल सरकारबाट स्विकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नपर्ने भएमा वि. व्य. स.को निर्णय सहित विद्यालयले गा. पा. शिक्षा शाखासंग अनुमति माग गर्ने ।

(२) शिक्षा शाखाको अनुमति अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णय गराई ,विद्यालयलेकरार शिक्षक नियुक्तिको लागि आवश्यक विवरण खुलाई विज्ञापन गर्ने ।

(३)विद्यालयले गा. पा. शिक्षा शाखाबाट विज्ञापनको सूचना प्रमाणित गराई शिक्षा विकास तथा समन्वय इकाइ ,गा. पा. शिक्षाशाखा ,सम्बन्धित वडा कार्यालय,विद्यालय लगायतका सार्वजनिक स्थल र स्थानीय संचार माध्यममा सुचना प्रसारण गर्नपर्नेछ। विज्ञापनको समयावधि पहिलो पटक १५ दिनको हुनेछ। सो समयावधिमा कुनै उम्मेदवार नआएमा ७ दिन थप गर्न सकिनेछ।

(४) उपनियम (३) बमोजिम को विज्ञापनमा शिक्षक सेवा आयोगले प्रकाशित करारसूची मा रहेका व्यक्तिले निवेदन दिएमा वि. व्य. स. ले बढीमा एक शैक्षिँक सत्रका लागी करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको सूचीमा उम्मेदवार नभएमा वा त्यस्तो उम्मेदवारले निवेदन नदिएमा व्यबस्थापन समितिले शिक्षक छनौट समितिको सिफरिसमा बढीमा एक शैक्षिक सत्रको लागी करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(६)उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्ति हुन निबेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र,नागरिकताको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्र निवेदनकासाथ पेशगर्नुपर्नेछ।

(७) विद्यालयले यस नियम बमोजिम शिक्षक नियुक्ति गरेको जानकारी गा. पा. र शिक्षा विकास तथा समन्वय इकाइमा दिनुपर्नेछ।

(८) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थायी शिक्षक पदपुर्ति हुन नसकेमा व्यबस्थापन समितिले यसरी स्थायी पदपुर्ति नभएसम्मका लागी एक पटकमा ६ महिनामा नबढाइ करार म्याद थप गर्न सक्नेछ।

९) उपनियम (८) बमोजिमको म्याद थपको जानकारी विद्यालयले गा. पा. शिक्षा शाखा र शि. वि. तथा स. इ. लाइ दिनुपर्नेछ।

(१०)विद्यालयले शिक्षक छनौट परीक्षा सञ्चालनको लागी आबश्यक विशेषज्ञ सम्बन्धित गा. पा. शिक्षाशाखाबाट प्राप्त गर्नेछ।परीक्षा सन्चालन हुनु अघिल्लो दिनवि.व्य. स. ले माग गरे बमोजिम विज्ञ छनौट गरी गोप्य राखिनेछ। विज्ञको छनौट गर्ने कार्य शिक्षा शाखाबाट हुनेछ ।

(११) म्यागङ गा. पा. मा त्यस विषयको विशेषज्ञ नभएमा जिल्ला भित्रका अन्य स्थानिय निकायबाट सूची प्राप्त गरी छनौट गरिनेछ।

(१२) प्रक्रिया नपुर्याइ नियुक्ति गरे रद्द हुनेछ।

(१३)परीक्षाको अङ्क शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार हुनेछ।

१४. नयाँ नियुक्ति भएको शिक्षकको अभिलेखीकरण गा.पा.मा राखिने छ र त्यसको जानकारी शिक्षा विकास तथा समन्वय इकाईलाई गरिनेछ ।

१५. अनुदान शिक्षक, निजी स्रोतको शिक्षक, स.का. ,का.स., लेखापाल समेत यसै कार्यविधि अनुसार नियुक्ति गरिनेछ ।

१६.शिक्षक छनौट समितिका विज्ञ लगायतका सदस्यले पाउने पारिश्रमिक जुन तहको शिक्षक नियुक्ति गरिएको हो सोही तहकोस्केलको तीन दिन बराबरको रकम पाउनेछ ।

१७. विद्यालयमा व्यवस्थापन समितिको म्याद कायम नरहेको अवस्थामा, गा.पा.को आन्तरिक स्रोतमा, गाउँपालिका भित्र खाली भएका सबै ठाउँमा एकै पटक नियुक्ति गर्न,शिक्षक नियुक्तिको लागि प्रधानाध्यापकले निवेदन पेश गरेको र अरु विशेष अवस्थामा शिक्षा समितिको निर्णय अनुसार म्यागङ गाउँपालिका शिक्षक छनौट समितिले करार मा शिक्षक नियुक्ति गर्न सक्नेछ।

१७.१ नियम १७ अनुसारकोसामुदायिक विद्यालयमा प्रधानाध्यापक र करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न निम्न अनुसारका शिक्षक छनौट समिति रहनेछः

(अ)प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

(आ)माध्यमिक तहको शिक्षक नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नपर्ने भएमा कम्तिमा स्नातक तह गरेका विज्ञहरुको सूची बाट शिक्षा शाखाबाट छानिएमा २जना सदस्य

(इ) गा.पा.शिक्षा शाखा प्रमुखसदस्य सचिव

१८ नियम १७.१ को समितिले शिक्षक छनौट गरि नियुक्तिका लागि शिक्षा समितिमा पेश गर्ने छ ।

१९. शिक्षा समितिले नियम १८ बमोजिम सिफारिश भएको शिक्षकलाइ नियुक्तिका लागि प्रधानाध्यापक लाई सिफारिश गर्ने छ ।

१८. नियम १७.१ बमोजिमको समितिले अरु कार्य यसै शिक्षक तथा विद्यालय व्यवस्थापन कार्यविधि २०७७ बमोजिम गर्नेछ ।

## परिच्छेद : ४

## **शिक्षक सरुवा सम्बन्धी व्यबस्था**

**६.शिक्षक सरुवा सम्बन्धि व्यबस्था**

(१)गा पा भित्रको विद्यालयमा सरुवा हुन चाहने शिक्षकले सरुवाको लागी अनुसूची १७(शिक्षा नियमावली२०५९ संशोधन सहित)बमोजिमको ढाँचामा गा. पा. शिक्षाशाखामा निवेदन दिनु पर्नेछ।

(२) स्थायी शिक्षक अर्को जिल्ला सरुवा जान परेमा सम्बन्धित गा. पा. बाट सरुवा सहमती लिइ शिक्षा ऐन २०२८,शिक्षा नियमावली २०५९(संशोधन सहित) अनुसारको अनुसूची १७ को प्रकिया पुरा गरी सरुवा हुन सक्नेछ।

(३) जिल्ला भित्रको अन्य विद्यालयमा सरुवा हुन चाहेमा उपनियम(२) अनुसारको प्रकिया पुरा गरी सरुवा हुन सक्नेछ।

म्यागङ गाउँपालिका

( ४) विशेष परिस्थती परेमा शिक्षा समितिको निर्णयमा कुनैपनि  शिक्षकलाइ गा. पा. भित्रको अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ।

(५) उपनियम (३),(४) र (५) बमोजिम सरुवा भएको शिक्षकलाई प्र. अ. ले १५ दिन भित्र रमाना दिइ सो को जानकारी गा. पा. शिक्षा शाखा र शिक्षा बिकास तथा समन्वय इकाइमा दिनुपर्नेछ।

(६) गा. पा.को सहमतिमा अनुसूची  १७ भरी सरुवा भइ आएको शिक्षकलाइ हाजिर गराइ  सो को जानकारी गा. पा. र शिक्षा विकास तथा समन्वय इकाइमा दिनुपर्नेछ।

(७) गा.पा.ले शिक्षकको नियमित सरुवा तथा व्यवस्थापन प्रत्येक शैक्षिक सत्रकोपहिलो वा अन्तिम महिनामा मात्र गरिनेछ । तर आकस्मिक सरुवा जुनसुकै बेला गर्न बाधा पर्ने छैन ।

(८) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा १ वर्ष सेवा पूरा नगरी सरुवा   गरिनेछैन ।  तर  कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा वा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले सरुवा नगरी नहुने कारण सहित सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(९) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(१०) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ ।

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा शाखामा निवेदन आएमा

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउ पालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(ङ)  नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(च) एउटै विद्यालयमा ५ बर्ष वा सो भन्दा बढी समय सेवा गरेको शिक्षक

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

(ञ) सम्बन्धित शिक्षकले पढाएको विषयमा निरन्तर २ वर्ष सम्म ५० प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएको प्रमाण सहित विद्यालय व्यवस्थापन समितिले शिक्षा समितिमा निवेदन पेश गरेमा ।

(११) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(१२) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा वसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(१३) गाउ शिक्षा समितिले गाउ पालिका भित्रका स्थायी,अस्थायी,करार,राहत,बालविकास स.का. तथा कर्मचारीलाई समेत आवश्यकता अनुसार सरुवा वा काजमा लगाउन सक्नेछ।

(१४) शिक्षकको लागि निवेदन पेश भएमा वा नियमितको प्रक्रियामा सरुवा गर्न उपयुर्क्त हुने वा नहुने राय सहितको प्रतिवेदन शिक्षा शाखाले शिक्षा समितिलाई दिनु पर्नेछ।

(१५) शिक्षा शाखाले पेश गरेको प्रतिवेदन उपर छलफल गरी शिक्षा समितिले निर्णय गर्नेछ।

(१६) शिक्षा समितिको निर्णय कार्यान्वयन गराउने जिम्मेवारी शिक्षा शाखाको हुनेछ।

## परिच्छेद : ५

## विद्यालय मर्ज , बन्द तथा कक्षा समायोजन

**७.विद्यालय मर्ज , बन्द तथा कक्षा समायोजन सम्बन्धमा**

यस गाउँपालिका भित्र रहेका विद्यालयहरु देहायको बमोजिम अवस्थामामर्ज गर्न सकिने छ :

(क) विद्यार्थी संख्यान्युन (तोकिएको भन्दा कम) भएमा

(ख) म्यागङ शिक्षा शाखाले विद्यार्थी संख्या र भौगोलिक बनावट आदिको आधारमा अध्ययन गरि विद्यालय मर्ज , बन्द  तथा कक्षा समायोजन गर्न आवश्यक रहे नरहेको प्रतिवेदन शिक्षा समितिमा निर्णयार्थ पेश गर्ने छ ।

(ग) शिक्षा समितिले  शिक्षा शाखाले पेश गरेको प्रतिवेदनमा विद्यालय मर्ज , बन्द तथा कक्षा समायोजन गर्न आवश्यक रहे नरहेको निर्णय गर्ने छ।

(घ) शिक्षा समितिको निर्णय अनुसार कारबाही गर्ने जिम्मेवारी शिक्षा शाखाको हुनेछ।

(ङ) विद्यालय मर्ज तथा बन्द हुदाँ फाजिलमा परेको दरबन्दी गाउपालिका भित्रको अन्य विद्यालयमा शिक्षा समितिले आवश्यकताको आधारमा मिलान गरिनेछ ।

(च). विद्यालय मर्ज तथा बन्द गर्ने कार्य प्रत्येक शैक्षिक सत्रको पहिलो वा अन्तिम महिनामा  मात्र गरिनेछ  । तर विशेष परिस्थितिमा जुनसुकै बेला पनि यो कार्य गर्न बाधा पुग्ने छैन ।

(छ) त्यसरी  मर्ज तथा बन्द भएका विद्यालयको सम्पुर्ण चल तथा अचल सम्पति को संरक्षण गर्ने जिम्मेवारी गाउपालिकाको हुनेछ ।

परिच्छेद : ६

## विद्यालय व्यवस्थापन सम्बन्धी

**८.व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था :**

(१) प्रधानाध्यापकले व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्यावधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ । तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिनभित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस नियम बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि गा.पा.शिक्षा अधिकृत वा निजले खटाएको कर्मचारीको संयोजकत्वमा सम्वन्धित वडाको वडाध्यक्ष  र प्रधानाध्यापक सदस्य सचिव रहेको, रहेको तीन सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको समितिले विद्यालय व्यवस्थापन समिति सदस्यहरु छनौट को लागि सहजीकरण गर्नेछ।

(४) नियम (१) बमोजिम को अभिभावक भेला गराउनसात दिन अघि उपनियम (२) बमोजिमको समितिले विद्यालयमा नाम सार्वजनिक गरी, दावी विरोध तथा संशोधन गर्ने समयावधि तोकी तीन दिन अघि अन्तिम नामावली प्रकाशन गर्नेछ।

(५)विद्यालयले विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ। यसरी विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गराएको हुनु पर्नेछ।

(६) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य व्यवस्था उपनियम (२) बमोजिमको समितिले तोके बमोजिम हुनेछ।

(७) छनौट भएका विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई शिक्षा शाखाले तोकिएबमोजिमको ढाँचामा प्रमाण पत्र दिनेछ।

**९.व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :**

(१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य-सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ।

(४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय-सूची सदस्य- सचिवले साधारण तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ।

(७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(८) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

म्याग्दी गाउँपालिका

**१०. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने** : देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :-

(क) गैर नेपाली नागरिक, (ख) पच्चीस वर्ष उमेर पुरा नभएको (बाल क्लबको प्रतिनिधि बाहेक) (ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको, (घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ।

**११. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट तथा सिफारिस गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कबुलियतनामामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागि पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारको समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलव स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई  व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शाखामा पठाउने

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) शिक्षक तथा विद्यार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता बनाइ लागू गर्ने,

म्याग्दी गाउँपालिका

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराइ राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(णपालिकावाट तोकिएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षक वा शिक्षा अधिकृतले विद्यालयको चेकजाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) गाँउ पालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा विभाग मार्फत गर्ने,

(फ) वार्षिक रूपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न आवश्यक कानूनी प्रबन्ध गरी शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,

(य) शिक्षा समिति र पालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने,

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,

(ल) विद्यालयको पढाइ व्यवाहारिक, सीपमूलक, स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने,

(व) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने,

(श) विद्यालय स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा शिक्षा शाखाबाट अनुमति लिई गर्नुपर्ने,

(ष) विद्यालयको समग्र व्यवस्थापन सम्बन्धमा गाउँपालिकाको नीति, योजना, कार्यक्रम र निर्णय अनुसार व्यवस्थापन गर्ने ।

(२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(५) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**(१२) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालय सञ्चालन सम्बन्धी नियमावली वनाई लागू गर्ने,

(ग) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा गर्ने,

(घ) शिक्षकलाई नियक्ति पत्र दिने, सरकारी स्केलमा नघट्ने गरी तलव भत्ता खुवाउने,

(ङ) ऐन तथा नियमावलीले तोके अनुसार विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने,

(च) गाउँपालिकाले तोकेको सीमाभित्र रही शुल्क निर्धारण गर्ने र कार्यान्वयन गर्ने,

(छ) शिक्षा शाखाले मागेका र नियमित वुझाउनुपर्ने विवरण वुझाउने,

(ज) शिक्षा शाखाले खटाई पठाएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउने,

(झ) नेपाल सरकारले स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्ने,

(ञ) गाउँपालिकाबाट प्राप्त हुने निर्देशनको पालना गर्ने गराउने,

(ट) शिक्षक तथा विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता बनाइ लागू गर्ने,

(ठ) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(ड) शिक्षक तथा कर्मचारीको सेवा शर्त सम्बन्धी विनियम वनाई लागू गर्ने, पर्ि

## परिच्छेद : ६

## विद्यालय अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी

**१३. अनुगमन तथा निरीक्षणलाइ सुचकमा आधारित बनाइने** :(१) शिक्षा शाखाबाट निरन्तर विद्यालयको अनुगमन गरिनेछ।

(२)विद्यालय निरीक्षणको सूचक वनाई नियमित निरीक्षण र निरीक्षणको प्रतिवेदन शिक्षा समितिमा पेश गरिनेछ।

(३)शिक्षा शाखा प्रमुख वा तोकेको व्यक्तिले प्रत्येक महिनामा आफ्नो निरीक्षण क्षेत्रभित्रका सवै विद्यालयमा कम्तीमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने र निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग

छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाइने छ ।,

(४) शिक्षा शाखा बाट विद्यालय निरिक्षण व्यवस्थित तथा सुचकमा आधारित बनाउनु पर्नेछ ।

(५) अनुगमन तथा सुपरीवेक्षणको लागि आतेजाते ,खाजा ,खाना तथा अनुगमन भताको व्यवस्था कार्यपालिका सरहको हुनेछ।

(६) अनुगमनका वैकल्पिक तथा आधुनिक साधनहरु पनि प्रयोग गर्न सकिनेछ ।

७. विद्यालय अनुगमन प्रतिवेदन अनुसार सुधार भए नभएको मुल्यांकन गरिनेछ ।

८. नतिजामा आधारित अनुगमन गरिनेछ ।

९. विज्ञ समुहका सदस्यलाई पनि अनुगमनाम लगाइने छ ।

म्यागङ गाउँपालिका

**सरुवा हुन दिइने निवेदन**

श्री शिक्षा अधिकृत ज्यू,
म्यागङ गाउँपालिका

विषयः सरुवा सम्बन्धमा ।

मलाई निम्न विद्यालयमा सरुवा गरीदिनु हुन निम्न विवरणहरू खुलाई निवेदन गरेको छु ।
शिक्षकको नाम, थरः
स्थायी ठेगानाः
तह र श्रेणीः
हालको विद्यालयको नाम र ठेगानाः
सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगानाः
योग्यता र तालिमः
स्थायी नियुक्ति मितिः
हालको जिल्लामा काम गरेको अवधिः सरुवा माग गर्नु पर्ने कारणः
निवेदकको- सहीः
नामः कार्यरत विद्यालयः मितिः

(१) सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमति (क) यस विद्यालयका शिक्षक श्री ...................................... लाई व्यवस्थापन समितिको मिति .......................... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ ।
विद्यालयको छाप
व्यवस्थापन समितिका अध्यक्षको-
सहीः-
नामः-
विद्यालयः-
मितिः-

(ख) .......पालिका अन्तर्गतको ............ विद्यालयका शिक्षक श्री ..................................... लाई सो विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ ।
कार्यालयको छाप
शिक्षा अधिकारी सहीः-
नामः-
मितिः-

(२) सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति (क).............................. विद्यालयका शिक्षक श्री .................................. लाई व्यवस्थापन समितिको मिति ....................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ । विद्यालयको छाप व्यवस्थापन समितिको अध्यक्षको- सहीः-
नामः-
मितिः-
विद्यालयः- (ख) .............................. विद्यालयका शिक्षक श्री .................................. लाई यस गाउँपालिकाको .............. विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।
शिक्षा अधिकृतको-
कार्यालयको छाप सहीः-
नामः-
मिति

आज्ञाले,

पवन कुमार प्याकुरेल

प्रमुख प्रशासकीय अधिकृत

म्याग्दी गाउँपालिका

म्याग्दी गाउँपालिका